कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१
च.नं.:

## सहकारी संस्था मार्फत विउ पुँजी तथा घुम्ति कोष कार्यक्रम संञ्चालनका लागि प्रस्ताव आव्हानको सुचना

(प्रकाशित मिति : २०८१/०२/२३)

कोहलपुर आवास तथा खानेपानी सरसफाइ घुम्ती कोष सञ्चालन समिति कोहलपुर बाँकेको मिति २०८०/१२/०६ गतेको निर्णय अनुसार स्थानीयस्तरमा विपन्न समुदायमा सुरक्षित घर, सुरक्षित खानेपानी धारा, सुरक्षित एवम् सरसफाईयुक्त सेफ्टी टंकी निर्माण तथा मर्मतका साथै आय आर्जनमा लगानी गरी गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा उपलब्धता गराउने उद्देश्यका साथ सहकारी संस्था मार्फत वींउपुँजी तथा घुम्ति कोष कार्यक्रम संञ्चालन गर्ने कार्यक्रम रहेकोले यस कार्यालयमा दर्ता भई नगरपालिका क्षेत्र भित्र क्रियाशिल इच्छुक सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र देहायको शर्तहरु पालना गर्ने गरी सिलबन्दी प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु</u>

१. यस सूचना बमोजिम प्रस्तावना पेश गर्ने सहकारी संस्था कोहलपुर नगरपालिकाको सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको हुनुपर्नेछ । कोहलपुर नगरपालिकाको सहकारी ऐन जारी हुनुभन्दा अघि दर्ता भएका सहकारी संस्थाहरुले ऐन जारी भएपछि कानून बमोजिम कोहलपुर नगरपालिकामा सूचीकृत भएको प्रमाण पेश गर्नुपर्नेछ ।

२. प्रस्ताव पेश गर्ने सहकारीले प्रस्तावसाथ सहकारी दर्ता प्रमाणपत्र (अन्यत्र दर्ता भएको भए नियमानुसार नगरपालिकामा सूचीकृत भएको प्रमाण), हालसालै गरेको साधारणसभाको निर्णय, बीउ पुँजी सञ्चालन गर्ने कार्यक्रममा सहभागी हुने सञ्चालक समितिको निर्णय, आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन, आ.व. २०७९/०८० सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको आधिकारिक छाप लगाएको प्रतिबद्धतापत्र समेत संलग्न गरेको हुनुपर्नेछ ।

३. प्रस्ताव पेश गर्ने सहकारीले विगत कम्तिमा ५ बर्षसम्म समुदायस्तरमा विभिन्न समुह गठन गरी आर्थिक वृद्धि, व्यवसाय, घर निमार्ण तथा मर्मत, खानेपानी तथा सरसफाइका संरचनाहरु निमार्णमा ऋण परिचालन गरेको हुनुपर्नेछ ।

४. सहकारीले आफ्नो सञ्चालन समितिको बैठक, साधारण सभा र लेखापरीक्षण नियमित रुपमा गरेको हुनुपर्नेछ ।

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१

च.नं.:

५. सहकारी संस्थाले ऋण परिचालन गर्दा नियमानुसार राख्नुपर्ने धितो अनिवार्य राखेको हुनुपर्नेछ । सहकारी संस्थाको लेखापरीक्षण प्रतिवेदनबाट खराब कर्जाको परिमाण बढी देखाएको खण्डमा त्यस्तो सहकारी छनौट गरिनेछैन ।

६. सहकारी संस्थाले आफ्नो यस सूचना बमोजिमको कार्य गर्नका लागि एकजना व्यवसायिक ज्ञान भएको सम्पर्क व्यक्ति अनिवार्य तोक्नुपर्नेछ ।

७. समुदायस्तरमा आफ्नो क्रियाकलाप निर्दिष्ट गरी बचत तथा ऋण परिचालन मार्फत आर्थिक सामाजिक विकासमा टेवा पुर्याउने संस्था, महिला नेतृत्वले सञ्चालन गरेको संस्था, शौचालय निर्माण, सेफ्टी ट्याङ्की तथा धारा जडानमा ऋण लगानी गरेका संस्थालाई छनौटमा प्राथमिकता दिइनेछ ।

८. प्रस्ताव पेश गर्न चाहने सहकारीको कार्यक्षेत्र कम्तिमा कोहलपुर नगरपालिका भएको, सदस्य संख्या ५ सय वा सोभन्दा बढी भएको, ऋण परिचालनका लागि तरलताको पर्याप्त अवस्था भएको हुनुपर्नेछ ।

९. प्रस्ताव पेश गर्न चाहने सहकारीले आवश्यक पुँजि सहित सेवा प्रदान गर्न सक्ने जनसंख्या समेतको विवरण भएको वार्षिक कार्ययोजना, व्यवसायिक योजना र पर्याप्त कर्मचारीको प्रबन्ध गरेको प्रमाण प्रस्तावसाथ संलग्न गर्नुपर्नेछ ।

१०. प्रस्ताव पेश गर्ने संस्थाले बार्षिक न्युनतम १ करोड रुपैयाँसम्मको लेनदेन तथा कारोवार गरेको हुनुपर्नेछ ।

११. प्रस्तावसँग समबन्धित थप विषय बुझ्नुपरेमा यस कार्यालयका खानेपानी, सरसफाई तथा घुम्ती कोष व्यवस्थापक लाल बहादुर बुढाथोकी (सम्पर्क नं ९८५८०८१०१२) मा सम्पर्क राख्न सकिनेछ ।

२०८०।१४।२३

अनिता कुमारी बुढा क्षेत्री

संयोजक